घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित

# घरपझोङ राजपत्र

खण्ड : ३) जोमसोम, मंसिर ११ गते, २०७९ साल (संख्या : ०९)

भाग २

घरपझोङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको सूचना

**पूर्ण संस्थागत सुत्केरी तथा सुनौलो हजार दिन कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७९**

घरपझोङ गाउँपालिकाको पूर्ण संस्थागत सुत्केरी तथा सुनौलो हजार दिन कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा १२ बमोजिम कार्यापालिकाले देहायको संशोधन गरेको छ,

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "पूर्ण संस्थागत सुत्केरी तथा सुनौलो हजार दिन कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागू हुनेछ।

२. **कार्यविधि दफा ८ को उपदफा (११) मा देहाय बमोजिम सशोधन गरिएको छ।**

(११) वर्थिङ सेन्टरमा प्रसुती हुने महिलाहरुले नेपाल सरकार आमा सुरक्षा कार्यक्रम शिर्षकबाट प्राप्त हुने गर्भवती उत्प्रेरणा र प्रसुती सेवा यातायात बापतको रकम र गाउँपालिकाले उपलब्ध गराउने पोषण उत्प्रेरणा रकम प्रोटोकल अनुसार पहिलो पटक गर्भ जाँच (चौथौ महिना) गर्ने महिलालाई रु. ५००। (रु.पाचँ सय) गाउँपालिकामा रहेको स्वास्थ्य संस्थामा जाँच गरेको महिलाले प्राप्त गर्ने, प्रोटोकल अनुसार चार पटक (४,६,८ र ९ महिना) गर्भ जाँच गर्ने महिलालाई रु. ५००।- (रु.पाचँ सय), ० १५ महिनाको बच्चालाई मासिक रुपमा नियमित १५ महिनासम्म बृद्धि अनुगमन गरेको आमालाई

५००।- (रु.पाचँ सय) र वर्थिङ सेन्टरमा सुत्केरी गर्न आउने महिलालाई सुत्केरी यातायात खर्च वापत रु. ५००।- (रु.पाचँ सय) अनुसूची १ बमोजिम फाराम भरी स्वास्थ्य संस्थामा पेश गरी गाउँपालिका मार्फत पूर्ण संस्थागत सुत्केरी तथा सुनौलो हजार दिन कार्यक्रमबाट प्राप्त गर्ने छन्।

**३. अनुसूची ३ मा देहाय बमोजिम संशोधन गरिएको छ।**

अनुसूची -३

(दफा ८ को उपदफा (११) संग सम्बन्धित)

घरपझोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्धारा संचालित पूर्ण संस्थागत सुत्केरी तथा सुनौलो हजार दिन कार्यक्रम अन्तर्गतको पोषण उत्प्रेरणा रकम/संस्थागत प्रसुती यातायात खर्च बुझेको भरपाई।

म................................ गर्भवती/सुत्केरी महिलाले पोषण खर्च तथा यातायात खर्च ................ स्वास्थ्य संस्था/...................बर्थिङ्ग सेन्टरबाट सुरक्षित प्रसुती सेवा लिए वापत देहाय बमोजिमको रकम बुझी यो भरपाई गरी दियौं।

| सुविधा विवरण | रकम रू. | अक्षेरुपि | गर्भवती/सुत्केरी महिलाको ठेगाना सम्पर्क नं. | रकम बुझिलिनेको सही |
|---|---|---|---|---|
| प्रोटोकल अनुसार पहिलो पटक गर्भ जाँच (चौथौ महिना) गर्दा उत्प्रेरणा रकम | रु.५००।- | पाँच सय रुपैयाँ | | |
| प्रोटोकल अनुसार चार पटक (४,६,८ र ९ महिना) गर्भ जाँच गर्ने महिलालाई पोषण उत्प्रेरणा रकम | रु.५००।- | पाँच सय रुपैयाँ | | |
| ०-१५ महिनाको बच्चालाई मासिक रुपमा नियमित १५ महिनासम्म बृद्धि अनुगमन गरेको आमाको उत्प्रेरणा रकम | रु.५००।- | पाँच सय रुपैयाँ | | |
| वर्थिङ सेन्टरमा सुत्केरी गर्न आउने महिलाहरुलाई सुत्केरी यातायात खर्च | रु. ५००।- | पाँच सय रुपैया | | |

स्वास्थ्य संस्था प्रमुखको नामः

हस्ताक्षरः

आज्ञाले,

नाम : गौरी प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत

मिति :२०७९/०८/११ गते